# मधुवन नगरपालिका

## मधुवन राजपत्र

**खण्डः ८ संख्याः ३ प्रमाणीकरण मितिः २०८१/०३/२९**

**प्रकाशन मितिः २०८१/०३/३१**

## भागः १

### मधुवन नगरपालिका नगरसभाको सूचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम मधुवन नगरपालिकाको नगरसभाले मिति २०८१/०३/२९ मा जारी गरेको ऐन सर्वसाधारणको जानकारीको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा ३ बमोजिम प्रकाशन गरिएको छ ।

**मधुवन नगरपालिका व्यवसाय दर्ता ऐन, २०८१**

आज्ञाले,
मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

मधुवन नगरपालिका व्यवसाय दर्ता ऐन, २०८१

# मधुवन नगरपालिका व्यवसाय दर्ता ऐन, २०८१

**प्रस्तावनाः** मधुवन नगरपालिका क्षेत्रभित्र रहेका व्यापारिक फर्महरुको दर्ता नविकरण तथा खारेजी गर्न नियमन तथा अनुगमन गरी स्थानिय हाट बजारको व्यवस्थापन गर्न स्थानिय व्यापारको तथ्याङ्क अध्यावधिक गर्न र स्थानिय व्यापारको प्रबर्द्धन तथा सहजिकरण गर्न वान्छनीय भएकाले स्थानिय सरकार ऐन २०७४ को दफा (१०२) को उपदफा (१) बमोजिम मधुवन नगपालिकाको नगरसभाले यो ऐन बनाइ लागू गरेको छ ।

१ संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐन को नाम **मधुवन नगरपालिका व्यवसाय दर्ता ऐन २०८१** रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

२ परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

क ऐन भन्नाले स्थानिय सरकार संञ्चालन ऐन २०७४ सम्झनुपर्छ ।

ख नगरपालिका भन्नाले मधुवन नगरपालिका सम्झनुपर्छ ।

ग प्रमुख प्रशासकीय अधिकृत भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

घ कार्यालय भन्नाले मधुवन नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ र सो शब्दले नगरपालिकाको मातहतमा रहेको वडा कार्यालयलाई समेत जनाउदछ ।

३ व्यवसाय दर्ता गरी तथा अनुमती लिई संञ्चालन गर्नुपर्नेः (१)नगरपालिका क्षेत्र भित्र अनुसूची (१) बमोजिमको व्यवसाय सञ्चालन गर्नु अघि यस ऐन बमोजिम व्यवसाय दर्ता गर्नु पर्नेछ र अनुसूची (१) क्र.स. (४७) को व्यवसायहरुको हकमा अनुमती लिई सञ्चालन गर्नुपर्नेछ ।

४ व्यवसाय दर्ताको लागि तथा अनुमतीका लागि दरखास्त दिने र दर्ता गर्ने, अनुमती लिनेः (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यवसाय दर्ता गर्न चाहने व्यक्तिले वा अनुमती लिई सञ्चालन गर्न अनुसूची-२ मा उल्लेखित ढाँचाको दरखास्त फाराम भरी कार्यालयमा पेश गर्नु पर्नेछ। यस्तो दरखास्त फाराममा देहायका विवरण खुलेको हुनुर्पेछः–

क) व्यवसायको नाम र ठेगाना

ख) व्यवसायको प्रकृतिः उधोग व्यापार सेवा

ग) कारोबार गर्ने मुख्य वस्तु र सेवा

घ) लगानी

ङ) व्यवसायीको नाम र ठेगाना

च) व्यवसायीको नागरिकताको प्रतिलिपि

छ) व्यवसाय रहने घरधनी जग्गाधनीको नाम वा घरभाडा सम्झौता (घुम्ती व्यवसायको हकमा नभए पनि हुने)

मधुवन नगरपालिका व्यवसाय दर्ता ऐन, २०८१

ज) वडा कार्यालयको सिफारिस, चार किल्ला प्रमाणित तथा सदियारको सहमती पत्र ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले यस उपर आवश्यक जाँचबुझ गरी नियमानुसार लाग्ने कर एव अन्य दस्तुरहरु लिई व्यवसाय दर्ता गर्नुपर्ने वा सञ्चालन अनुमती दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम व्यवसाय दर्ता भएपछि सम्बन्धित कार्यालयले दर्ता भएको व्यवसायको विवरण अनुसूची– ३ बमोजिमको व्यवसाय दर्ता किताबमा उल्लेख गरी निवेदकलाई अनुसूची– ४ बमिजम ढाँचामा व्यवसाय दर्ता प्रमाण पत्र उपलब्ध गराउँनु पर्नेछ ।

(४) एकै व्यक्तिको नाममा एउटै उद्देश्य भएको एक भन्दा बढी स्थानमा व्यवसाय सञ्चालन र थप कारोबार गर्नु पर्ने भएमा नियमानुसार दस्तुर तिरी मुख्य व्यवसायको शाखा व्यवसाय भनी दर्ता गराउनु पर्नेछ ।

(५) अनुसूची (१) क्र.स. (४७) को ब्यवसायहरु र अन्य निकायमा दर्ता भएका व्यवसायहरुको हकमा उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले यस उपर आवस्यक जाँचबुझ गरी नियमानुसार लाग्ने दस्तुरहरु लिई व्यवसाय सञ्चालन अनुमती दिनु पर्नेछ ।

(६) उपदफा (२) बमोजिम व्यवसाय सञ्चालन अनुमती दिएपछि कार्यालयले सञ्चालन अनुमती दिएको व्यवसायको विवरण अनुसूची– ५ बमोजिमको अभिलेख किताबमा उल्लेख गरी निवेदकलाई अनुसूची– ६ बमोजिमको ढाँचामा व्यवसाय सञ्चालन अनुमती प्रमाण पत्र उपलब्ध गराउँनु पर्नेछ ।

(७) व्यवसाय दर्ता वा अनुमती शुल्क र वार्षिक व्यवसाय कर आर्थिक ऐनले तोके बमोजिम हुनेछ । आर्थिक ऐनमा अनुमती सम्बन्धि शुल्क नतोकिएको भएमा दर्ता सरहको शुल्क लिई अनुमती दिईनेछ । व्यवसायिक कर प्रत्येक आ.ब. को असार मसान्त भित्र बुझाई सक्नु पर्नेछ ।

<u>५ व्यवसायक नविकरण गर्नु पर्नेः</u> दफा (४) बमोजिम दर्ता तथा अनुमती भएको व्यवसाय प्रत्येक आर्थिक वर्षको असोज मसान्त भित्र नविकरण गरी सक्नु पर्नेछ ।नविकरण शुल्क आर्थिक ऐनले तोके बमोजिम हुनेछ ।

<u>६ विवरण हेरफेर गर्नु पर्ने भएमा अनुमति लिनुपर्नेः</u> (१) दफा (४) बमोजिम दर्ता भएको व्यवसायको विवरण हेरफेर गर्नु पर्ने भएमा पन्ध्र दिन भित्र सो को लिखत निवेदन कार्यालयमा दिनुपर्नेछ ।

(२) उपदफा १ बमोजिम निवेदन परेमा कार्यालयले आवश्यक जाँचबुज गरी नियामनुसार लाग्ने दस्तुर लिई विवरण संसोधन गरिदिनु पर्नेछ र सो व्यहोरा दर्ता किताब र प्रमाण प्रत्रमा समेत उल्लेख गरिदिनु पर्नेछ।

(३) व्यवसायको प्रकृति वा सेवाको किसिम र व्यवसायको नाम परिवर्तन गर्नुपरेमा नयाँ व्यवसाय दर्ता गर्दा लाग्ने दस्तुर सरह लाग्ने छ ।

७ साझेदार थपघट र ठाँउसारी गर्नु परेमा स्वीकृत लिनुपर्नेः (१) एक व्यक्ति वा सो भन्दा बढी व्यक्तिको नाममा दर्ता कायम भएको व्यवसायमा साझेदार थपघट गर्नु परेमा सम्बन्धित वडाको सिफारिस सहित आवश्यक कागजात संलग्न राखी कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा १ बमोजिम निवेदन परेमा कार्यालयले आवश्यक जाँचबुझ गरी आर्थिक ऐनमा तोकिए बमोजिम दस्तुर लिई माग बमोजिम साझेदार थपघट गरिदिनु पर्नेछ ।

(३) नगरपालिकामा एक वडामा सञ्चालनमा रहेको पेशा व्यवसाय नगर भित्रको अर्को वडामा ठाँउसारीको लागि निवेदन परेमा वडा कार्यालयले आवश्यक जाँचबुझ गरी कर्यालयमा भएको व्यवसायको लगत खारेजको सिफारिस जनाई सम्बन्धित वडा कार्यालयलाई पत्रचार गर्नु पर्नेछ ।यसरी सिफारिस प्राप्त भएकोमा ठाँउसारी हुने वडा कार्यालयले व्यवसाय दर्ता किताबमा ठाँउसारी जनाई साविकको वडा कार्यालयमा ठाँउसारीको जानकारी दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम ठाँउसारी भएको जनाउ प्राप्त भएपछि सिफारिस गर्ने वडा कार्यालयले आफ्नो व्यवसायको लगत कितावमा ठाँउसारी जनाई लगत खारेज गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम लगत खारेजको सिफारिस भएपछि तोकिएको समय भित्र सम्बन्धित कार्यालयमा गई व्यवसायको दर्ता लगत कायम गर्नु व्यवसायिको कर्तब्य हुनेछ ।

(६) उपदफा (३) बमोजिम ठाँउसारी गर्न चाहने व्यवसायीले ठाँउसारी भई जाने व्यवसाय रहने कार्यालयमा ठाँउसारीको लागि निवेदन पेश गरेपछि कार्यालयले आवश्यक जाँचबुझ गरी आर्थिक ऐनमा तोकिए बमोजिम दस्तुर लिई सो व्यहोरा दर्ता प्रमाण पत्रमा समेत खुलाई व्यवसायको ठाँउसारी गरिदिनु पर्नेछ ।

(७) यस उपदफा बमोजिम ठाँउसारी भई आउने व्यवसायीको लगत खडा गर्ने कर्तब्य सम्बन्धित कार्यालयको हुनेछ ।

८ कार्यालयले विवरण माग गर्न निर्देशन दिन र अनुगमन गर्न सक्नेः (१) कुनै खास पेशा व्यवसाय वा व्यापारको सम्बन्धमा केही कुरा बुझ्न आवश्यक ठानेमा कार्यालयले थप विवरण माग गर्न सक्नेछ ।यसरी माग गरिएको विवरण उपलब्ध गराउने कर्तव्य सम्बन्धित व्यवसायीको हुनेछ ।

(२) उपदफा (१) बमोजिम विवरण उपलब्ध नगराएमा कार्यालयले सम्बन्धित पेशा तथा व्यवसाय स्थलको अनुगमन तथा जाँचबुझ गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

(३) यस ऐन बमोजिम दर्ता भएका पेशा व्यवसाय सञ्चालन गर्दा समाजिक सदाचार कायम राख्नु पर्नेछ । यस सम्बन्धमा कार्यालयले दिने निर्देशनको पालना गर्नु सम्बन्धित व्यवसायीको दायित्व हुनेछ ।

९ व्यवसाय संञ्चालनको अनुमती लिनु पर्नेः (१) नगरपालिकामा व्यवसाय दर्ता गरिसकेपछि अन्य सम्बन्धित निकायबाट प्रचलित कानून बमोजिम अनुमति लिनुपर्ने भएमा तत् निकायबाट समेत अनुमति लिई व्यवसाय सञ्चालन गर्नु सम्बन्धित व्यवसायीको कर्तव्य हुनेछ ।

<u>१० व्यवसाय दर्ता / सञ्चालन अनुमती खारेज गर्न सकिनेः</u> (१) यस ऐन बमोजिम व्यवसाय दर्ता भएपछि तथा अनुमती लिए पछि दर्ता तथा अनुमती खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय चालु रहेको मानिनेछ ।

(२) यस ऐन बमोजिम दर्ता भएको सञ्चालन अनुमती लिएको व्यवसाय बन्द गर्न चाहेमा मनासिव कारण खोली व्यवसायीले वडा कार्यालयको सिफारिस सहित कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले आवश्यक जाँचबुझ गरि चालु आर्थिक वर्षसम्मको कर रकम र व्यवसाय खारेजीको लागी लागत कट्टा बाफत आर्थिक ऐनमा तोकिए बमोजिम लिइने सेवा समेत असुल गरी लागत कट्टा गरिदिनु पर्नेछ ।

(४) प्रचलित कानुन बिपरित कारोबार गरेमा, कानुन विपरित पेशा व्यवसाय सञ्चालन गरेमा, अरुलाई त्यस्तै मिल्ने व्यवसाय सञ्चालनमा बाधा हुने काम गरेमा वा कार्यालयले दिएको निर्देशन उलंघन गरेमा कार्यालयले बाँकी बक्यौता कर तथा जरिवाना असुल गरी व्यवसायको दर्ता तथा सञ्चालन अनुमती पत्र जुन सुकै बेला खारेज गर्न सक्नेछ ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि व्यवसाय खारेज वा लगत कट्टा गर्नु पुर्व व्यवसायीलाई सफाइ पेश गर्ने एक हप्ता मौका दिनु पर्नेछ ।

(६) उपदफा (४) बमोजिम कार्यालयले व्यवसायको दर्ता खारेज गरेमा सम्बन्धित व्यवसायीको नाममा नगरपालिकामा दुई वर्षसम्म कुनैपनि व्यवसाय दर्ता गरी सञ्चालन गर्न रोक लगाउन सक्नेछ ।

<u>११ जरिवाना तथा थप दस्तुर लाग्नेः</u> (१) यस ऐनमा तोकिएको समय भित्र व्यवसाय नविकरण नगराएमा तथा व्यवसायिक कर नतिरेमा नियमानुसार लाग्ने दस्तुरमा थप १० प्रतिशत वा आर्थिक ऐनले तोकिए बमोजिम जरीवाना तिरी व्यवसाय नविकरण गर्नुपर्नेछ ।

<u>१२ कर छुट तथा मिन्हा दिन सकिनेः</u> (१) नगरपालिका क्षेत्रमा व्यापार व्यवसाय दर्ता गर्न चाहेमा महिला तथा अपांगता भएका व्यक्तिलाई व्यवसाय दर्ता गर्दा लाग्ने दस्तुरमा पचास प्रतिशत छुट दिन सकिनेछ ।

<u>१३ प्रतिलिपी दिन सक्नेः</u> व्यवसाय दर्ता प्रमाणपत्र हराएमा, च्यातिएमा नविकरण गर्ने महल खाली नभएमा वा यस्तै अन्य कारणले प्रमाणपत्र उपलब्ध गराउनु पर्ने भएमा कार्यालयले आवश्यक जाँचबुझ गरी आर्थिक ऐनमा तोकिए बमोजिम प्रतिलिपि दस्तुर लिई नयाँ प्रतिलिपि प्रमाणपत्र जारी गर्न सक्नेछ ।

<u>१४ व्यवसाय सञ्चालन नभएको सिफारिस दिन सक्नेः</u> प्रचलित कानून बमोजिम दर्ता भएको व्यवसाय सञ्चालन नै नभएकोले सोको व्यहोरा सम्बन्धित निकायमा सिफारिसको लागि कार्यालयमा निवेदन पर्न आएमा सो

सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी व्यहोरा प्रमाणित भएमा आर्थिक ऐनमा तोकिए बमोजिम दस्तुर लिई माग बमोजिमको व्यहोराको सिफारिस उपलब्ध गराउन सक्नेछ ।

**१५ व्यवसाय दर्ता, नविकरण नगरी तथा अनुमती नलिई संञ्चालन गरेमा कारबाहि हुनेः** (१) प्रचलित कानून र यस ऐन बमोजिम दर्ता नगरी र अनुमति नलिई कुनै पनि व्यवसाय नगरपालिका क्षेत्रभित्र सञ्चालन गरेको पाईएमा कार्यालयले सम्बन्धित व्यवसायीलाई पन्ध्र दिनको म्याद दिई व्यवसाय दर्ता गर्न र अनुमति लिनका लागि निर्देशन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्देशन दिएको मितिले पन्ध्र दिनभित्र व्यवसाय दर्ता नगरेमा र अनुमति नलिईएमा सम्बन्धित व्यक्तिलाई नगरपालिकाबाट प्रवाह हुने सबै किसिमका सेवा सुविधाहरुबाट बन्द गर्न सकिन्छ ।

(३) उपदफा (२) बमोजिम सेवा सुविधा बन्द गरेको तीन महिनाभित्र पनि व्यवसाय दर्ता नविकरण नगरी र अनुमति नलिई व्यवसाय सञ्चालन गरेमा कार्यालयले नियमानूसार लाग्ने कर जरिवाना र अन्य दस्तुर असुल उपर गरी व्यवसाय बन्द गराउन सक्नेछ ।

**१६ मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागु गर्न सकिनेः-** यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही फर्म दर्ता, तथा अनुमती, अनुगमन, नियमन, व्यवसायिक कर लगायतका काम कारवाहीहरुलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न कार्यपालिकाले आवश्यकता अनुसार मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्ने छ ।

**१७ वाधा अडकाउ फुकाउने अधिकारः** (१) यस ऐनको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार नगर कार्यापालिकालाई हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुरा यसै ऐन बमोजिम र नलेखिएकोमा प्रचिलत नेपाल कानून बमोजिम हुनेछ ।

**१८ खारेजी तथा बचाउः** (१) यो ऐन बन्नु भन्दा अगाडि नगरपालिकाबाट भए गरेका कामहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

मधुवन नगरपालिका व्यवसाय दर्ता ऐन, २०८१

अनुसूचीः-१
दफा (३) को उप दफा (१)

# मधुवन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मधुवन, बर्दिया ।
लुम्बिनी प्रदेश, नेपाल

**व्यवसायको विवरणः**

| सि.न. | विवरण |
|---|---|
| १ | व्यापारिक वस्तु |
| १.१ | सुन, चाँदी विक्रेता |
| १.२ | भिडियो क्यासेट रेकर्डर तथा प्लेयर उत्पादक/वितरक |
| १.३ | चुरोट, रक्सी |
| | क) थोक विक्रेता |
| | ख) खुद्रा विक्रेता |
| १.४ | हलुका पदार्थको थोक विक्रेता |
| २ | निर्माण सामाग्री |
| | क) सिमेण्ट, छड, धातुका निर्माण सामाग्री थोक विक्रेता |
| | ग) सिमेण्ट, छड, धातुका निर्माण सामाग्री खुद्रा विक्रेता |
| | घ) अन्य निर्माण सामाग्रीहरु |
| ३ | कम्प्युटर र सो सँग सम्बन्धित सामान विक्रि तथा मर्मत सेवा |
| ४ | विद्युत सोलार विक्रेता |
| | क) विजुलीको सामान थोक विक्रेता |
| | ख) विजुलीको सामान खुद्रा विक्रेता |
| | ग) सौर्य उर्जाबाट चल्ने विद्युतिय सामाग्रीहरु विक्रेता |
| ५ | रेडियो घडी मोबाईल तथा अन्य विद्युतिय सामान विक्रेता तथा मर्मत सेवा |
| ६ | फर्निचरका सामान तथा कार्पेट विक्रेता |
| ७ | पेट्रोलियम पदार्थ |
| | क) आयल निगमको डिलर भई पेट्रोलियम पदार्थको विक्रेता |
| | ख) ग्याँस तथा मट्टीतेल विक्रेता |
| ८ | टिभि फ्रिज जस्ता अन्य विद्युतिय सामान विक्रेता |
| ९ | खाद्य किराना पसल |
| | क) थोक विक्रेता |
| | ग) खुद्रा विक्रेता |
| १० | फलफुल तथा तरकारी विक्रेता |
| ११ | स्वदेशी तथा विदेशी कपडा, तयारी पोशाक र जुत्ता/ चप्पल विक्रेता |

मधुवन नगरपालिका व्यवसाय दर्ता ऐन, २०८१

| | |
|---|---|
| १२ | अन्य सेवा |
| | क) व्युटी पार्लर, केस श्रीङ्गार तथा सैलुन, ड्राई क्लिन, फोटो स्टुडियो, सिलाई सेवा |
| | ख) पेण्टीङ सेवा |
| | ग) पशु बधशाला |
| | घ) मासु विक्रेता |
| १३ | पुल हाउस, स्केटिङ सेवा |
| १४ | भाडाकुडा विक्रेता |
| १५ | सिसा प्लाईउड विक्रेता |
| १६ | स्टिल तथा अन्य रिडिमेट फर्निचर विक्रेता |
| १७ | खेलौना तथा उपहार, गिफ्ट तथा कस्मेटिक विक्रेता |
| १८ | केवुल/ नेटवर्किङ सेवा |
| १९ | डेरी उद्योग |
| | क) चिस्यान केन्द्र |
| | ख) दूध डेरी |
| २० | वेकरी तथा कफी सप |
| २१ | परामर्स सेवा |
| २२ | सामान ढुवानी कर्ता कम्पनी |
| २३ | उत्पादन मुलक उद्योग |
| | क) ब्लक, ईट्टा तथा प्लास्टिक उद्योग |
| | ख) अन्य सामान घरेलु उद्योग |
| | ग) कलर ल्याव |
| २४ | फर्निचर उद्योग |
| | क) ट्रलि समेत राखेको समिल उद्योग |
| | ख) समिल तथा फर्निचर बनाउने उद्योग |
| | ग) सामान्य फर्निचर उद्योग |
| २५ | उर्जामुलक उद्योग (हाईड्रोपावर) |
| | क) १ करोड सम्मको |
| | ख) १ करोड भन्दा बढीको |
| २६ | कृषि पशुपन्छी तथा वन जन्य उद्योग |
| | क) पचास लाख भन्दा माथि पुजि भएको |
| | ख) पन्ध्र देखी पचास लाख सम्म पुजि भएको |
| | ग) पाँच देखि पन्ध्र लाख सम्मको |
| | घ) पाँच लाख सम्मको |
| २७ | खनिज उद्योग |
| २८ | पर्यटन उद्योग |
| | होटेल लज तथा रेष्टुरेण्ट (क) बर्ग, (ख) वर्ग, (ग) वर्ग |
| २९ | सेवा उद्योग |

| | |
|---|---|
| | क) सिनेमा हल |
| | ख) अफसेट प्रेस तथा छापाखाना |
| | ग) लेजर प्रेस |
| | घ) कोल्ड स्टोर तथा फास्टफुड विक्रेता |
| | ङ) अडियो क्यासेट विक्रेता |
| | च) हवाई सेवा बुकिङ काउण्टर |
| | छ) सार्वजनिक यातायात बुकिङ काउण्टर |
| ३० | क्रसर तथा वालुवा प्रशोधन उद्योग |
| ३१ | सञ्चार सेवा |
| | क) फोन, फ्याक्स, ईमेल इण्टरनेट तथा फोटोकपी सेवा |
| | ख) कुरीयर सेवा |
| | ग) अखबार छपाई तथा प्रकाशन |
| | घ) रेडियो एफ.एम. |
| | ङ) केवुल डेलिभिजन |
| ३२ | पत्रकारीता, स्टेशनरी तथा पुस्तक विक्रेता |
| ३३ | वितिय सेवा |
| ३३.१ | निजी क्षेत्रको आर्थिक कारोबार गर्ने (क) वर्गको बैङ्कको शाखा |
| ३३.२ | निजी क्षेत्रको आर्थिक कारोबार गर्ने (ख) वर्गको बैङ्कको शाखा |
| ३३.३ | निजी क्षेत्रको आर्थिक कारोबार गर्ने (ग) वर्गको बैङ्कको शाखा |
| ३३.४ | निजी क्षेत्रको आर्थिक कारोबार गर्ने (घ) वर्गको बैङ्कको शाखा |
| ३३.५ | विमा कम्पनीका शाखा |
| ३३.६ | सहकारी, वैङ्क तथा अन्य लघु वित्त वितिय सँस्था शाखाहरु |
| ३४ | सहकारी सँस्था |
| | क) १० लाख भन्दा बढी पुजी भएको बचत तथा ऋण सहकारी सँस्था |
| | ख) १० लाख सम्म पुजी भएको वचत तथा ऋण सहकारी सँस्था |
| | ग) अन्य सहकारी सँस्था |
| ३५ | स्वास्थ्य सेवा |
| | क) गैर सरकारी अस्पताल |
| | ख) नर्सिङ होम/ पोलिक्लिनिक |
| | ग) मेडिकल/ फार्मेसी तथा फर्मा |
| ३६ | तालिम केन्द्र |
| | क) कम्प्युटर प्रशिक्षण तथा भाषा इन्सिच्युट |
| | ख) सिलाई बुनाई तथा अन्य साना प्रशिक्षण केन्द्र |
| | ग) मर्मत, प्लम्विङ, हाउस वायरिङ लगायतका अन्य तालिमहरु |
| | घ) ड्राईभिङ तालिम |
| | ङ) कोचिङ सेण्टर तथा ट्युसन सेण्टरहरु, खेलकुद सम्बन्धिका तालिम केन्द्र तथा सिकाई सेण्टर |
| ३७ | मर्मत सम्भार/ वर्क सप |

| | |
|---|---|
| | क) हेभी ईक्युपमेण्ट, वस, ट्रक, जिप, कार, ट्र्याक्टर मर्मत वर्कसप |
| | ख) मोटरसाईकल, टेम्पु, अटो, |
| | ग) टि.भि. फ्रिज, मोटर, पङ्खा, हिटर, घडी,रिडियो मोबाइल लगायतका अन्य मर्मत सेवाहरु |
| | घ) साईकल लगायत अन्य साना मर्मत सेवा तथा विक्री |
| ३८ | विविध व्यवसाय |
| ३८.१ | कपडा, जुत्ता, चप्पल तथा फेन्सी पसल |
| ३८.२ | मेसिनरी पाटपुर्जा पसल |
| ३८.३ | पान पसल |
| ३८.४ | खाना, खाजा, पसल |
| ३८.५ | मिठाई तथा चिया पसल |
| ३८.६ | पोल्ट्री, पशुपन्छी फार्म, दाना पसल, माछा पसल, एग्रोभेट |
| ३८.७ | कन्सल्टेन्सी |
| ३९ | सप्लायर्स |
| | क) १ लाख भन्दा बढीको सामान सप्लायर्स |
| | ख) १ लाख सम्मको सामानको सप्लायर्स |
| | ग) ५० हजार सम्मको सामानको सप्लायर्स |
| ४० | डिजे तथा टेण्ट हाउस र पार्टी प्यालेस |
| ४१ | रासायनिक मल, विषादी पसल तथा विउ विजन विक्रेता |
| ४२ | सुर्ती पसल थोक तथा खुद्रा विक्रेता |
| ४३ | कुटानी पिसानी मिल, कुटानी पिसानी घुम्ती मिल, |
| ४४ | संस्था दर्ता, समुह दर्ता |
| ४४.१ | नाफा मुलक |
| ४४.२ | गैर नाफामुलक |
| ४५ | अन्तराष्ट्रिय गैर सरकारी संस्था |
| ४६ | कवाडी व्यवसाय |
| ४७ | घुम्ती विक्रि तथा घुम्ती सेवा |
| ४७.१ | आईसक्रिम विक्रेता |
| ४७.२ | घुम्ती फोटो ग्राफिङ तथा भिडियो डकुमेण्ट्री निर्माण |
| ४७.३ | ठेला तथा घुम्ती पसल, घुम्ती डिजे सेवा |
| ४७.४ | हाँट बजार घुम्ती व्यापार |
| ४७.५ | पानीपुरी तथा चटपटे व्यापार लगायतका अन्य घुम्ती व्यवसाय |
| ४७.८ | घुम्ती कुटानी पिसानी मिल, धान थ्रेसिङ सेवा तथा ट्याक्टर मार्फत दिईने अन्य सेवा |
| ४८ | सुधारकेन्द्र, फिजियो थेरापी सेण्टर |

भुम्लु नगरपालिका व्यवसाय दर्ता ऐन, २०८१

अनुसूचीः-२

दफा (४) को उपदफा (१) सँग सम्बन्धित

# मधुवन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मधुवन, बर्दिया ।

लुम्बिनी प्रदेश, नेपाल

**व्यवसाय दर्ता/ नविकरण/ सञ्चालन अनुमती निवेदन फाराम**

मितिः २०८१/..../...

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
मधुवन नगरपालिका, बर्दिया ।

**विषयः व्यवसाय दर्ता गरी/नविकरण गरी/सञ्चालन अनुमती पाँउ ।**

मैले/हामीले निम्न स्थानमा ...............................व्यवसाय दर्ता गर्न/ नविकरण गर्न/ सञ्चालन अनुमती गर्नु परेकाले मधुवन नगरपालिकाको व्यवसाय दर्ता ऐन २०८१ को दफा ४ बमोजिम यो निवेदन दिएको छु/छौं ।

१-व्यवसायीको नाम थरः-............................

२- स्थायी ठेगानाः-.......................

३- नागरिक्ता नं-................

४- फर्म/कम्पनीको नाम..........................

५-व्यवसाय रहने स्थानको ठेगानाः-

६- फोन नं.............................ईमेल..................................

७- व्यवसायको प्रकृती............................

८-कारोबारको विवरणः-..........................

९- लगानी रुः-................................

१०- व्यवसाय वहालमा रहेको भए घरको घरधनीको नाम थरः-..............................

११- ठेगानाः-..............................

निवेदकको दस्तखतः

अनुसूचीः-३

दफा (४) को उपदफा (३) सँग सम्बन्धित

# मधुवन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मधुवन, बर्दिया ।

लुम्बिनी प्रदेश, नेपाल

मधुवन नगरपालिका व्यवसाय दर्ता ऐन, २०८१

<u>व्यवशायको दर्ता किताव:</u>

| क्र.स. | फर्मको नाम | व्यवसायीको नाम थर | ठेगाना | व्यवसायको प्रकृती | पुँजी | एकलौटी/साँझेदारी | दर्ता मिति | फोटो | व्यवसायीको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

मधुवन नगरपालिका व्यवसाय दर्ता ऐन, २०८१

अनुसूचीः-४

दफा (४) को उपदफा (३) सँग सम्बन्धित

## मधुवन नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

मधुवन, बर्दिया ।
लुम्बिनी प्रदेश, नेपाल

## उद्योग/वाणिज्य व्यवसाय दर्ता प्रमाणपत्र

प्रा.फ. दर्ता न. मितिः.............

देहाय वमोजिमको विवरण भएको ..........................................................फर्म मितिः............................... मा मधुवन नगरपालिकाको व्यवशाय दर्ता ऐन २०८१ बमोजिम दर्ता गरी यो प्रमाण-पत्र दिईएको छ ।

प्राईभेट फर्म धनिको नामः-
फर्म धनीको नागरिकता नं. र जारी जिल्लाः-
ठेगानाः
फर्मको ठेगानाः-
प्राईभेट फर्मको पुजीः-
प्राईभेट फर्मको उदेश्यः-

**शर्तहरुः**

१-प्रत्येक आ.ब.को असोज मसान्तभित्र व्यवसाय नविकरण गरी र असार मसान्त भित्र व्यवसायिक कर बुझाई सक्नु पर्नेछ ।
२-व्यवसाय गरी आएको स्थान बदल्नु परे नगरपालिकाबाट पूर्व स्वीकृति लिनु पर्नेछ ।
३-आफुले सञ्चालन गरेको व्यवसाय बन्द गर्नु पर्दा वा छाड्न परेमा बाँकी कर तिरी व्यवसाय बन्द भएको जनाउ पत्र लिनु पर्नेछ ।
४-यो प्रमाणपत्र व्यवसाय गरेको स्थानमा सबैले देख्ने गरी राखिनु पर्दछ र अनुगमनमा खटिई आउने कर्मचारीहरुले हेर्न चाहेमा तुरुन्त देखाउनु पर्नेछ ।
५-आफुले सञ्चालन गरेको व्यवसायमा बालश्रम प्रयोग गर्न पाईने छैन ।
६- आफुले व्यवसाय गर्दा अरुलाई असर तथा बाधा नपर्ने गरी सञ्चालन गर्नु पर्नेछ ।
७-आफुले सञ्चालन गरेको व्यवसायको फोहरमैला आफैले व्यवस्थापन गर्नुका साथै वातावरणमा असर नपर्ने गरी सञ्चालन गर्नु पर्नेछ ।
८-अनुमती लिई तथा दर्ता गरी सञ्चालन गर्नु पर्ने व्यवसायको हकमा सम्बन्धित निकायको अनुमती लिई तथा दर्ता गराएर मात्र सञ्चालन गर्नु पर्नेछ ।
९-उल्लिखित शर्तहरुको पालना नभएमा नगरपालिकाले जुनसुकै बखत यो प्रमाणपत्र रद्द गरी व्यवसाय बन्द गराउन सक्नेछ ।

आवश्यकता अनुसार शर्तहरुका बुँदाहरु थपघट गर्न सकिनेछ ।

..............................
प्रमाणिकरणः

अनुसूचीः-५
दफा (४) को उपदफा (६) सँग सम्बन्धित

मधुवन नगरपालिका व्यवसाय दर्ता ऐन, २०८१

# मधुवन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मधुवन, बर्दिया ।
लुम्बिनी प्रदेश, नेपाल

**<u>व्यवशायको अनुमती अभिलेख पुस्तीका</u>**

| क्र.स. | फर्मको नाम दर्ता भएको भए | व्यवसायीको नाम थर | ठेगाना | व्यवसायको प्रकृती | पुँजी | एकलौटी/साँझेदारी | अनुमती मिति | फोटो | व्यवसायीको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

मधुवन नगरपालिका व्यवसाय दर्ता ऐन, २०८१

अनुसूचीः-६

दफा (४) को उपदफा (६) सँग सम्बन्धित

# मधुवन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मधुवन, बर्दिया ।

लुम्बिनी प्रदेश, नेपाल

## उद्योग/वाणिज्य व्यवसाय सञ्चालन अनुमती प्रमाणपत्र

प्रा.फ. दर्ता न. मितिः...............................

देहाय वमोजिमको विवरण भएको ..........................................................फर्म मितिः................................ मा मधुवन नगरपालिकाको व्यवशाय दर्ता ऐन २०८१ बमोजिम ....................स्थानमा .......................व्यवसाय सञ्चालन गर्न यो अनुमती प्रमाण-पत्र दिईएको छ ।

प्राईभेट फर्म धनिको नामः-

फर्म धनीको नागरिकता नं. र जारी जिल्लाः-

ठेगानाः

फर्मको ठेगानाः-

प्राईभेट फर्मको पुँजीः-

प्राईभेट फर्मको उद्देश्यः-

**शर्तहरुः**

१-प्रत्येक आ.व.को असोज मसान्तभित्र व्यवसाय नविकरण गरी तथा असार मसान्तभित्र व्यवसायिक कर बुझाई सक्नु पर्नेछ ।

२-व्यवसाय गरी आएको स्थान बदल्नु परे नगरपालिकाबाट पूर्व स्वीकृति लिनु पर्नेछ ।

३-आफुले सञ्चालन गरेको ब्यवसाय वन्द गर्नु पर्दा वा छाड्न परेमा बाँकी कर तिरी व्यवसाय बन्द भएको जनाउ पत्र लिनु पर्नेछ ।

४-यो प्रमाणपत्र व्यवसाय गरेको स्थानमा सबैले देख्ने गरी राखिनु पर्दछ र अनुगमनमा खटिई आउने कर्मचारीहरुले हेर्न चाहेमा तुरुन्त देखाउनु पर्नेछ ।

५-आफुले सञ्चालन गरेको व्यवसायमा बालश्रम प्रयोग गर्न पाईने छैन ।

६-आफुले व्यवसाय गर्दा अरुलाई असर तथा बाधा नपर्ने गरी सञ्चालन गर्नु पर्नेछ ।

७-आफुले सञ्चालन गरेको व्यवसायको फोहरमैला आफैले व्यवस्थापन गर्नुका साथै वातावरणमा असर नपर्ने गरी सञ्चालन गर्नु पर्नेछ ।

८-उल्लिखित शर्तहरुको पालना नभएमा नगरपालिकाले जुनसुकै बखत यो प्रमाणपत्र रद्द गरी व्यवसाय बन्द गराउन सक्नेछ ।

आवश्यकता अनुसार शर्तका बुँदाहरु थपघट गर्न सकिनेछ ।

..............................

प्रमाणिकरणः

मधुवन नगरपालिका व्यवसाय दर्ता ऐन, २०८१